# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

बर्दिबास, महोत्तरी

फोन : ०४४-५५०६८६
फ्याक्स : ०४४-५५०५३१


पत्र संख्या : प्रशासन २०८०/८१

च. नं. : २३९८।BDS-808L-37001

मिति : २०८०/१०/०४

**विषयः <u>निवन्ध प्रतियोगिता को सूचना सम्प्रेषणमा सहयोग र समन्वय गरी दिने सम्बन्धमा</u>।**

श्री शिक्षा विकास तथा समन्वय इकाई,
सोलुखुम्बु / ओखलढुङ्गा / खोटाङ्ग / रामेछाप / सिन्धुली / सिरहा / धनुषा / महोत्तरी / सर्लाही ।

भ्रष्टाचार र सुशासन सम्बन्धमा विद्यार्थीहरुको बुझाईलाई प्रस्फुटन गर्ने अवसर प्रदान गरी विद्यार्थीहरुलाई सो विषयको महत्व बोध गर्न प्रेरित गर्ने उद्धेश्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तेत्तीसौं स्थापना दिवस (२०८० माघ २८) को अवसरमा **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** शिर्षकमा माध्यमिक तह (कक्षा ९-१२ सम्म) स्तरीय निवन्ध प्रतियोगिता आयोजना गर्न लागिएको हुँदा देहाय बमोजिम हुने गरी निवन्ध प्रतियोगितामा विद्यार्थीहरुको सहभागिता गराई दिन सो सम्बन्धी सूचना पाना-दुई यसैसाथ पठाइएको छ। त्यस जिल्लास्थित माध्यमिक विद्यालयहरुमा उक्त सूचना सम्प्रेषणमा सहयोग र समन्वय गरी दिनु हुन अनुरोध गर्दछु;-

<u>देहाय</u>

१. निवन्धको शिर्षक " **<u>भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन</u>** " रहेको छ।
२. निवन्ध <u>मौलिक</u> र <u>अप्रकाशित</u> हुनु पर्नेछ।
३. निवन्ध प्रतियोगितामा <u>माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरु मात्र</u> सहभागी हुन पाउने छन्।
४. निवन्ध न्यूनतम <u>२००० देखी अधिकतम २५०० शव्द</u>मा नवढाई लेख्नु पर्नेछ।
५. निवन्ध <u>नेपाली भाषा</u>मा लेख्नु पर्नेछ।
६. प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले निवन्ध साथ निम्न विवरण खुलाउनु पर्नेछः

| | |
|---|---|
| नाम थरः | ...................................... |
| ठेगानाः | ...................................... |
| विद्यालयको नाम र ठेगानाः | ...................................... |
| अध्ययनरत कक्षाः | ...................................... |
| सम्पर्क नं. | ...................................... |
| मितिः | ...................................... |

७. <u>प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले पुरा गर्नुपर्ने प्रक्रियाः</u>
सम्वन्धित विद्यालयले <u>आयोगको कार्यालय, बर्दिवास</u>लाई सम्बोधन गरी प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीको विवरण उल्लेख गरी सिफारिस गरेको पत्र समेत निवन्ध साथ संलग्न गरी **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको** कार्यालय, बर्दिवासमा वा इमेलः **<u>ciaabardibas@gmail.com</u>** मा रितपुर्वक मिति २०८० माघ १९ गते कार्यालय समयभित्र आइपुग्ने गरी पठाउनु पर्नेछ।

(राम बहादुर कुरुम्बाङ)
कार्यालय प्रमुख

<u>बोधार्थ/कार्यार्थः</u>
श्री उपमहानगरपालिका / नगरपालिका / गाउँपालिका (सबै),
सोलुखुम्बु / ओखलढुङ्गा / खोटाङ्ग / रामेछाप / सिन्धुली / सिरहा / धनुषा / महोत्तरी / सर्लाही :- आवश्यक समन्वयको लागि।

# अख्तियार दुरूपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

## निबन्ध लेखन प्रतियोगितासम्बन्धी सूचना

(प्रकाशित मिति २०८०/१०/०४)

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तेत्तिसौं स्थापना दिवस (२०८० माघ २८) को अवसरमा माध्यमिक तह स्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोले सहभागिताका लागि आह्वान गरिएको छ ।

१. निबन्धको शीर्षक :- आयोग मातहतका कार्यालयहरुबाट आयोजना हुने प्रतियोगिताका लागि निबन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ। (*द्रष्टव्यः निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ*)

२. प्रतियोगिताका सहभागी :- देशभरका कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरु।

३. निबन्धको शब्द सीमा :- निबन्ध न्यूनतम २००० देखि अधिकतम २५०० शब्दमा नबढाई लेख्नुपर्नेछ।

४. निबन्धको भाषा :- निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ।

५. प्रतियोगितामा सहभागी हुने प्रक्रिया :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नाम थर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नम्बर उल्लेख गरी विद्यालयबाट आयोगको कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्रसमेत संलग्न राखी आफ्नो जिल्लासँग सम्बन्धित कार्यक्षेत्र रहेको आयोगको कार्यालयमा पठाउनु वा इमेल गर्नुपर्नेछ।

| क्र.सं. | आयोगको कार्यालय | सम्पर्क नम्बर | इमेल ठेगाना | कार्य क्षेत्र |
|---|---|---|---|---|
| १ | ईटहरी | ०२५-५८६९७० | itahari@ciaa.gov.np | ताप्लेजुङ्ग, पाँचथर, ईलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, झापा, मोरङ, सुनसरी, सप्तरी र उदयपुर (१२ जिल्ला) |
| २ | वर्दिवास | ०४४-५५०६८६<br>०४४-५५०७५७ | ciaabardibas@gmail.com | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, सिन्धुली र रामेछाप (९जिल्ला) |
| ३ | हेटौंडा | ०५७-५२३२७७ | ciaamro@gmail.com | रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, काठमाण्डौ, भक्तपुर र ललितपुर (१४ जिल्ला) |

| | | | | |
|---|---|---|---|---|
| ४ | पोखरा | ०६१-५७२७०१<br>०६१-५७२७०२ | ciaapkr@gmail.com | गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बाग्लुङ (१० जिल्ला) |
| ५ | बुटवल (सम्पर्क कार्यालय नेपालगंज समेत) | ०७१-५४००३१ | butwal@ciaa.gov.np | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, प्युठान, दाङ, बाँके, बर्दिया र रोल्पा (१२ जिल्ला) |
| ६ | सुर्खेत | ०८३-५२१९६० | ciaa.surkhet@ciaa.gov.np<br>ciaasurkhet@gmail.com | रुकुम (पूर्वी भाग), रुकुम(पश्चिम भाग), डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान (११ जिल्ला) |
| ७ | कञ्चनपुर | ०९९-५२०३६८ | ciaa.kanchanpur@ciaa.gov.np | बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा , कैलाली र कञ्चनपुर (९जिल्ला) |

६. निबन्ध पठाउने अन्तिम मिति :- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले मिति २०८० साल माघ १९ गतेसम्म सम्वन्धित कार्यालयमा आइपुग्ने गरी आफ्नो निबन्ध पठाउन/इमेल गर्नुपर्नेछ।

७. पुरस्कार :- आयोग मातहतका कार्यालयमा आयोजित निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई देहाय बमोजिम नगद पुरस्कार प्रदान गरिनेछ।

| | | | |
|---|---|---|---|
| १. प्रथम | - रु. १५,०००।- | (पन्ध्र हजार) | - १ जनालाई |
| २. द्वितीय | - रु. १२,०००।- | (बाह्र हजार) | - १ जनालाई |
| ३. तृतीय | - रु. १०,०००।- | (दश हजार) | - १ जनालाई |